WWF for a living planet®

IUCN The World Conservation Union

*सर्वसाधारणका हितका लागि जारी गरिएको अपील*

# नेपालका दुर्लभ गिद्धहरुको संरक्षण गरौं









करिब दश वर्ष अघि सम्म पनि देशका विभिन्न भागमा गिद्धहरु ठूलो संख्यामा देख्न पाइन्थ्यो। अब त्यो दृश्य दुर्लभ भएको छ। अहिले ठूलो संख्यामा गिद्धहरु मरिरहेका छन्। यसको एक मात्र कारण डाइक्लोफेनेक (Diclofenac) नामक औषधि रहेको तथ्य पत्ता लागि सकेको छ। यो औषधि गाइवस्तु बिरामी हुँदा ख्वाइन्छ। यदि सो जनावर उपचार गर्दा गर्दै वा केहि दिनमै मरेमा त्यसको सिनो खाने गिद्धहरु सबै मर्छन्। बिगत केहि वर्ष भित्रैमा डंगर गिद्ध (White-rumped Vulture) र सानो खैरो गिद्ध (Slender-billed Vulture) को संख्या ९५ प्रतिशतले घटेको अनुमान छ। यी दुवै गिद्धहरु IUCN Red List को अतिनै संकटापन्न (Critically Endangered) र लोपोन्मुख प्राणीको सूचीमा परेका छन्। यसै सूचीमा रहेको नेपालको गुलाबीटाउके हाँस सदाको लागि विश्वबाटै लोप भएको अनुमान छ। लोपोन्मुख गिद्धको संरक्षणका लागि अहिले नै ठोस कदम नचालेमा केही वर्षभित्रै यी गिद्धहरु विश्वबाटै लोप हुनेछन्।

गिद्धहरू प्रकृतिका एक अभिन्न अंग हुन्, यिनले वातावरणलाई दुषित पार्ने यत्रतत्र फैलिएको सिनो खाएर हामी बस्ने वातावरण सफा राख्छन्। गिद्धहरुको बिनाश भएमा सिनोबाट उब्जने विभिन्न प्रकारका महामारी जस्तै हैजा तथा अरु सरुवा रोगहरुको प्रकोप बढ्छ।

**अब देखि घरपालुवा पशुहरुको उपचार गर्दा डाईक्लोफेनेक औषधिको प्रयोग नगरौं, यसको सट्टामा गिद्धलाई हानि नपुऱ्याउने वैकल्पिक औषधि मेलोक्सिक्याम (Meloxicam) को प्रयोग गरौं। साथै गिद्धहरुको बासस्थान र गुँडको संरक्षण गरी हाम्रो वरिपरिको वातावरण सफा राख्ने गिद्धहरुको संरक्षणमा सहयोग पुऱ्याऔं। यिनीहरुलाई बाँच्न दिई जैविक सन्तुलन कायम राखौं।**

*विश्व वातावरण दिवसको पुनीत अवसरमा यहि नै हाम्रो सन्देश र अनुरोध।*

RSPB

ZSL LIVING CONSERVATION

DARWIN INITIATIVE

नेपाल पशु पंक्षी औषधी तथा दाना परिपूरक उत्पादक संघ